स्थानीय सरकार
Local Government

# पथरी शनिश्चरे नगरपालिका
Pathari Shanishchare Municipality

## नगर कार्यपालिकाको कार्यालय
Office of the Municipal Executive

पथरी, मोरङ, कोशी प्रदेश, नेपाल
Pathari, Morang, Koshi Province, Nepal

प.सं.२०८२/०८३(शिक्षा)
च.नं. ६६८

**विषय: कक्षा ६-८ को स्थानीय पाठ्यक्रममा आधारित पाठ्यपुस्तक/सन्दर्भ सामग्री सम्पादनका लागि निवेदन पेश गर्ने सूचना ।**

**(प्रथम पटक प्रकाशित मिति:२०८२/०८/२८)**

प्रस्तुत विषय सम्बन्धमा पथरी शनिश्चरे नगरपालिकाको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार स्थानीय पाठ्यक्रममा आधारित कक्षा ६-८ को पाठ्यपुस्तक/सन्दर्भ सामग्री लेखन समितिबाट प्राप्त प्रारम्भिक मस्यौदा २०८२ चैत्र सम्ममा सम्पादन गरी छपाई गर्ने प्रयोजनार्थ तपशिल अनुसार योग्यता हासिल गरेका विज्ञ व्यक्तिहरुबाट निवेदन माग गरी करार सम्झौता गरेर पाठ्यपुस्तक/सन्दर्भ सामग्री सम्पादन गर्ने पथरी शनिश्चरे नगरपालिका नगर शिक्षा समितिको मिति २०८२/०८/१७ गतेको निर्णयानुसार योग्यता पुगेका इच्छुक व्यक्तिहरुलाई मिति २०८२/०९/१४ गते भित्रमा शिक्षा,युवा तथा खेलकुद शाखामा निवेदन पेश गर्नु हुन यो सूचना प्रकाशन गरीएको छ । साथै सेवा सुविधा तथा अन्य शर्तहरु विज्ञ छनोट पश्चात करार सम्झौतामा उल्लेख भए अनुसार हुने गरी सेवा करार गरीनेछ ।

...............................
राधाकृष्ण खतिवडा
प्रमुख प्रशासकीय अधिकृत

**तपशिल:**

**क.सन्दर्भ सामग्री सम्पादनका क्षेत्रहरु:**

१. हामी र हाम्रो पथरी शनिश्चरे नगरपालिका
२. स्थानीय प्राकृतिक स्रोत र विविधता
३. हाम्रो मौलिक संस्कार र सांस्कृतिक विविधता
४. स्थानीय सामाजिक समस्या, चुनौती र समाधानका उपायहरू
५. स्थानीय पेसा, व्यवसाय, सिप र प्रविधि
६. स्थानीय आर्थिक क्रियाकलाप
७. स्वास्थ्य, सरसफाई, वातावरण संरक्षण र खेलकुद
८. द्वन्द्व तथा भयरहित शान्तिपूर्ण वातावरण र हरित विद्यालय
९. प्राकृतिक प्रकोप, विपत तथा जोखिम व्यवस्थापन र सुरक्षा

**ख.सन्दर्भ सामग्री लेखनमा विज्ञ जनशक्ति छनोट गर्ने आधारहरु :**

- पथरी शनिश्चरे नगरपालिका स्थित शैक्षिक संस्थाहरुमा कार्यरत कम्तिमा पाँच वर्ष स्थायी सेवा अवधि पुरा भएका शिक्षकहरु ।
- शिक्षा शास्त्रमा स्नातकोत्तर तह पुरा गरी सूचना तथा प्रविधिमा ज्ञान भएको ।
- क्याम्पसमा पाठ्यक्रम तथा मूल्याङ्कन सम्बन्धी विषय अध्यापनरत सेवा अवधि पाँच वर्ष पुरा भएका उप-प्राध्यापक तथा सह-प्राध्यापकहरु ।
- समाजशास्त्रमा वा सामाजिक विषयसँग सम्बन्धित विषय क्षेत्रमा स्नातकोत्तर/विद्यावारिधी वा एमफिल गरी सोहि क्षेत्रमा अध्यापन गरीरहेका व्यक्तिहरु ।
- विद्यालय शिक्षा, क्याम्पस तथा निजामती सेवाबाट अनिवार्य अवकाश भएका सेवा निवृत शिक्षक, प्राध्यापक तथा कर्मचारीहरु ।
- पथरी शनिश्चरे नगरपालिका अन्तरगतका संस्थागत विद्यालय सञ्चालनमा दश वर्ष अनुभव प्राप्त शिक्षा शास्त्रमा स्नातकोत्तर उपाधि हासिल गरेका सञ्चालक/निर्देशक वा प्रिन्सिपल ।
- विगतमा पाठ्यक्रम तथा सन्दर्भ सामग्री लेखनसँग सम्बन्धि कुनै संघ/संस्थामा आवद्ध अनुभवी व्यक्तिहरु ।